# संघीय संसद

# राष्ट्रिय सभा

# चौधौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २६ जेठ २०८०

# शुक्रवार

# बैठक सङ्ख्या- १५, पहिलो

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको ११:३५ बजे प्रारम्भ भयो ।

(११:३७ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, आर्थिक वर्ष २०८०/८१ को राजस्व र व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफल जारी रहन्छ । दलीय आधारमा छलफलमा भाग लिन प्राप्त भएको नामअनुसार बाँकी माननीय सदस्यहरूलाई अब म क्रमशः समय उपलब्ध गराउँछु ।

माननीय हरि राम चौधरी । समय ८ मिनेट । यसपछि माननीय देवेन्द्र दाहाल ।

(११:३७ बजे) **माननीय श्री हरि राम चौधरी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले २०८०/८१ को अहिलेको बजेटको सन्दर्भमा हुन गइरहेको यो छलफलमा केही सुझाव अथवा धारणाहरू म राख्ने प्रयास गरिरहेको छु । र त्यसभन्दा अगाडि मैले दुइवटा समस्या अहिलेको समसामयिक समस्यामा चैं म केन्द्रित भएर केही विषयहरू उठाउन खोजिरहेको छु ।

विशेषतः अहिले भर्खरै मात्र सरकारले १५ गते, यही १५ गते जसरी सुदूरपश्चिमको थारु समुदायसँग जोडिएको एउटा टिकापुर घटनाको जो मुद्दा रहेको थियो । जुन मुद्दालाई सरकारले १५ गते रेशम चौधरीलाई जसरी आममाफी दिएर सरकारले पछिल्लोपटक केही निर्णय गर्ने जो प्रयास गरेको छ, यो एक ढङ्गले एउटा यो विवादित टाइपको रहेको छ । किनकि रेशम चौधरीलगायत केही टिकापुर घटनामा आबद्ध थारु समुदायका अगुवाहरूलाई धेरै त्यहाँका चैं होइन कम से कम दुई दर्जनजति युवाहरूलाई चैं मुद्दा लागेको थियो । ती मुद्दाहरूमा सर्वस्वसहित अदालतले जसलाई चैं कैद तोकेको थियो रेशम चौधरी, उहाँलाई चैं सरकारले पछिल्लोपटक आममाफी दिएको छ । मैले भन्न खोजेको कुरा कहाँनेर हो भने रेशम चौधरीलाई आममाफी दिँदै गर्दाखेरि उनीसँग जोडिएका जो सामान्य परिवारका थारु समुदायका जो युवा नेताहरू थिए, उहाँहरूलाई सरकारले किन छोड्न सकेन? यदि रेशम टिकापुर घटनामा आबद्ध छैनन् भन्ने सरकारलाई लागिरहेको छ भने त्यससँग आबद्ध अन्य थारु समुदायका युवाहरूलाई किन छोडिएन? मैले चैं यो एउटा प्रश्न मात्र राख्न खोजेको हो । एक ढङ्गले यसले अर्को चैं परिस्थिति अथवा फेरि समाजमा अर्को प्रकारको वितण्डा यसले मच्याउन प्रयास गरिरहेको छ । त्यसकारणले गर्दाखेरि म एउटा यो विषय चैं राख्न खोजें ।

यसै गरी कैलालीको एउटा घटना । विशेषतः २०६५ सालमा बाढी पहिरो आबद्ध रहेका समुदायहरूलाई अहिले १५ वर्षपछाडि सरकारले चैं नोटिस जारी गरेर १५ सय परिवारलाई चैं तिमीहरू यहाँ छोड भनेर । आफूले बिजुली दिएको छ सरकारले । आफैंले त्यो ठाउँमा प्रहरी चौकी राखेको छ । तर तिनहरूलाई नै अहिले नोटिस जारी गरेर तिमीहरू वैध होइनौं भनेर सरकारको तर्फबाट सीडीओको नेतृत्वमा गएर तिनीहरूलाई हटाउने प्रयास गरिन्छ । यो कस्तो खालको छ यो? सम्बन्धित मन्त्रालय र म सरकारको ध्यान आकर्षण गर्छु ।

र म बजेटको सन्दर्भमा अहिले जो ०८०/०८१ जो बजेट छ यो बजेट विशेष गरेर चैं महत्त्वकाङ्क्षी बजेटको रूपमा मैले देखेको छु । किनकि अहिलेको यो बजेट महत्त्वकाङ्क्षी मैले किन भनेको छु भने something साढे ४ खर्ब घाटामा रहेर सरकारले यो बजेट चैं प्रस्तुत गरेको छ । अहिलेको यो क्राइसिसमा साढे ४ खर्बभन्दा बढी रकम घाटामा राखेर जुन अहिले १७ खर्ब ५१ अर्ब ३१ करोडको जो बजेट जो प्रस्तुत भएको छ, यो आफैंमा महत्त्वकाङ्क्षी छ । र बजेटले एक ढङ्गले समेट्ने प्रयास गरेको छ । मैले यहाँनेर जोड दिन खोजेको कहाँनेर हो भने सरकारले यो घाटा बजेटलाई प्रस्तुत गर्दै गर्दाखेरि बजेट निकै नै आकर्षक देखिएको छ । तर यसलाई कार्यान्वनय कसरी गर्ने भन्ने कुराहरूमा केही चैं कठिनाइहरू देखिएको छ । कृषि क्षेत्रका कुराहरू महत्त्वपूर्ण आएका छन् । त्यसै गरी विशेष गरेर श्रम रोजगार मन्त्रालयको

अन्तर्गतका क्षेत्रबाट गरिएका बजेटहरू चैं महत्त्वपूर्ण । उर्जा क्षेत्रको बजेटहरू सबैतिर समेटेर ल्याउने प्रयास अहिले गरेको देखिन्छ । वन क्षेत्रकै कुराहरूलाई पनि अहिलेको बजेटले समेट्ने प्रयास गरेको छ । तर कार्यान्वयनको कुरा जो छ, यो कार्यान्वयनको कुरालाई चैं कसरी यसलाई कार्यान्वयन गर्ने भन्ने कुरामा चैं केही कठिनाइहरू देखिएको छ । यसमा विशेष गरेर सरकारले कर्मचारी प्रशासनलाई अथवा कर्मचारी संयन्त्रलाई कसरी चुस्त दुरुस्त गर्ने? यो कुरामा यदि सचेतता अपनाइएन भने अहिलेको यो बजेट कार्यान्वयनमा केही कठिनाइहरू चैं देखिन्छ ।

(११:४२ बजे) **<u>पीठासीन</u>**:- माननीय उपाध्यक्ष श्री उर्मिला अर्याल ।

**<u>माननीय श्री हरि राम चौधरी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- यसै गरी निजी क्षेत्र र विदेशी लगानी भित्र्याउने कुराहरूमा केही कन्फ्युजनहरू देखिन्छन् । केही कानुनी कन्फ्युजनहरू देखिन्छन् । विदेशमा रहेका हर कोही मान्छेले नेपालमा लगानी लगाउँदाखेरि चैं एक प्रकारका कानुनी कठिनाइहरू आइरहेका छन् । अथवा यो ठाउँमा चैं अथवा उनीहरू लगानी लगाउनको लागि चैं नेपालमा डराइरहेका छन् । यसमा अहिलेको यो बजेटले यो कुरालाई चैं अलिकति बढी जोड पर्थ्यो, अहिलेको क्राइसिसमा । यो चिजलाई चैं कमजोर दिएको छ ।

त्यसै गरी मैले अलिकति यो बजेटसँगै जोडेर मुक्त कमैयाहरूलाई, मुक्त कमैयाहरू आज चैं ३० वर्षको पेरिफेरीम भयो उनीहरूले जमिन पाएको । तर उनीहरूले जमिन प्राप्त गरेका छन् । त्यो जमिनलाई चैं सरकारी भोगचलनमा ल्याइएको छैन । उनीहरूलाई यो तिमीहरू जमिन हो भनेर एउटा कागजको खेस्रा दिइएको छ । र उनीहरूको जमिनलाई सरकारी कामकाजमा चैं ल्याइएको छैन । हाम्रो देशको सबभन्दा अन्यायमा परेको दलित अथवा मुक्त कमैया, कमलरीहरू जसले चैं राज्यबाट जुन सम्पत्ति प्राप्त गरेका छन्, त्यसलाई राज्यको चलन भोगमा चैं किन ल्याउन सकिराखेको छैन? उनीहरूको आर्थिक स्थिति र उनीहरूको जीवनस्तर अगाडि बढोस् भन्नका लागि उनीहरूलाई चैं राज्यले बस्ने एउटा ठाउँ दियो । तर उनीहरूलाई सरकारी कामकाजमा ती कागजातहरू नल्याइदिँदाखेरि उनीहरू झन् एक प्रकारको समस्यामा परिरहेका छन् । राज्यले उनीहरूलाई हेर्ने दृष्टिकोण नै समाजमा एउटा उनीहरूको छुट्टै नाम चैं नामाकरण गरेको जस्तो छ। त्यसकारणले गर्दाखेरि यी यस्ता विषयहरूलाई चैं अहिलेको यो बजेटमा भूमि सुधार मन्त्रालयमार्फत यी कुराहरूलाई चैं ल्याइनुपर्थ्यो, उठाइनुपर्थ्यो तर यो

कुराहरूलाई ल्याउन सकेको छैन । यो कुरालाई अझैं पनि सरकारले यो मन्त्रालय स्तरबाट गर्न सकिने निर्णहरू देखिन्छन् । यसलाई चैं सरकारले विशेष ध्यान दिन जरुरी देख्छु मैले ।

यसै गरी विदेशमा गएका कयौं युवाहरू जस्तैः प्रधानमन्त्री स्वरोजगार कार्यक्रमको प्रभावकारिताको बारेमा यसो हेर्दै जाने हो भने यो प्रभावकारी छैन । यो कार्यक्रमलाई विशेष गरेर चैं सातवटै प्रदेशमा उद्योग कलकारखाना स्थापनाका हिसाबले ५ अर्ब बाराबरको जो रकम छुट्याएको छ, त्यो रकम त्यो तरिकाले छुट्याएको थियो भने सायद मलाई लाग्छ यो एउट नमुना काम हुन सक्थ्यो । तर पालिका पालिकामा पैसा पठाइछ । र त्यसलाई चैं सही ढङ्गले सदुपयोग भएको देखिँदैन । एउटा झारो टार्ने काम मात्रै गरेको देखिन्छ । त्यसकारणले यो प्रभावकारी देखिँदैन । विदेशबाट फर्किएका युवाहरूको कार्यक्रमलाई पनि त्यो बजेटमा सीमित राखिएको छ । तर कुन चैं विदेशबाट आएको युवाहरूले अहिलेसम्म रोजगार प्राप्त गरे? यसको कुनै प्रकारको तथ्याङ्क देखिँदैन ।

त्यसै गरी विदेशमा रहेका अलपत्र परेका युवाहरू, कोही मान्छे गलत तरिकाले विदेशमा जान्छ । विदेशमा गएर चाहिँ ऊ मर्छ त्यो ठाउँमा । मरिसकेपछि त्यसलाई ल्याउने कि नल्याउने भन्ने कुरामा राज्य बेखबर छ । अथवा त्यो विदेशमा गएका कयौं अलपत्र परेका मान्छेहरू छन् । उनीहरूलाई कसरी ल्याउने भन्ने कुराहरूमा हामीले कयौं नेता अथवा कर्मचारी क्षेत्रमा हामीले कुरा गर्दै गर्दाखेरि यसको बारेमा कुनै कानुनी समस्या छन् । हामी सक्दैनौं भन्छन् । हाम्रो नागरिक विदेशमा छ, तड्पिराखेको छ, मरिराखेको छ, छट्पटाइराखेको छ तर त्यसलाई हामीले कसरी ल्याउने भन्ने कुरामा चैं राज्यको एउटा जिम्मेवार मन्त्री अथवा कुनै पनि एउटा सचिव लेभल कर्मचारीले के भन्छ हाम्रो त्यस्तो खालको राज्यको कुनै नीति छैन भन्छ । भनेपछि हामीले हाम्रो देशमा कुन चैं समुदाय र कुन चैं जनताको नेतृत्व गरिरहेका छौं? यो सोचनीय विषय छ । त्यसैले गर्दा बजेटहरूमा इत्यादि कुराहरूलाई ध्यान दिनुपर्थ्यो ।

बाँकी अब जुन बजेटहरू आएको छ, बजेटहरू असाध्यै महत्त्वकाङ्क्षी छ र महत्त्वपूर्ण समेट्ने प्रयास गरेको छ । तर यसलाई कार्यान्वयनको कुरा जो छ, कार्यान्वयनको कुरा जसरी असार मसान्तदेखि नै हामीले चैं एउटा अनुगमनको माध्यमद्वारा यो बजेटलाई कार्यान्वयनको तहमा हामी लिएर जान्छौं भनेर बजेटको एउटा पोइन्टमा लेखिएको छ । त्यसलाई कुन विधिद्वारा कार्यान्वयनतिर लग्ने हो? त्यो कार्यान्वयनको पाटोमा चैं लग्न जरुरी छ । अहिलेसम्म हेर्दै जाँदाखेरि हाम्रो पुँजीगत खर्च निकै नै कम भएको छ । पुँजीगत खर्च ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय देवेन्द्र दाहाल । समय १८ मिनेट । त्यसपछि माननीय जितेन्द्र नारायण देव ।

(११:४७ बजे) **माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, आज हामी २०८०/८१ को बजेटको सन्दर्भमा छलफलको क्रममा छौं । र आज अन्तिम दिन हामी यहाँ उपस्थित भएका छौं । यो छलफल राष्ट्रिय सभामा आज अन्तिम दिनको छलफल हो । र यो छलफलको क्रममा मैले यो बजेटको सन्दर्भमा केही कुरा राख्नुअगाडि केही एक/दुइओटा विषयहरू यहाँ राख्न खोजिरहेको छु ।

यही रोस्टममा उभिएर सम्माननीय प्रधानमन्त्रीज्यूले आफ्नो भारत भ्रमणको क्रममा रिपोर्टिङ गर्ने सन्दर्भमा भारत भ्रमणको रिपोर्टिङ गर्ने सन्दर्भमा केही विषयहरू अलि कन्फ्युजन हुने खालको उठाउनुभ'को छ । र प्रधानमन्त्रीको स्थानबाट नसुहाउने केही कुराहरू चाहिँ गर्नुभा' छ । त्यसले गर्दा त्यस विषयमा म केही थोरै चर्चा गर्न चाहन्छु । र त्यसपछाडि बजेटको बारेमा पनि केही चर्चा गर्न चाहन्छु ।

पहिलो कुरो यो नागरिकता विधेयकको सन्दर्भमा सम्माननीय प्रधानमन्त्रीज्यूले केही पूर्वाग्राही खालका विचारहरू चाहिँ राख्नुभएको छ । नेकपा एमालेको दृष्टिकोण के हो भनेर राख्नुआवश्यक भ'को छ । र यसमा लामो समयदेखि बसोबास गरेर जन्मको आधारमा नागरिकता प्राप्त गरेका नागरिकका सन्तानलाई नागरिकता दिनका लागि एमालेको सरकार भएका बेला अध्यादेश जारी गर्दा यही गठबन्धनका मान्छेहरूले अदालतमा मुद्दा हालेर अन्तरिम आदेश जारी गराएर रोकिएको विषय हो । त्यस बेला लगभग यो २०७५ सालमा होला सात/आठ हजार नागरिकहरूले नागरिकता पनि प्राप्त गरेका थिए । त्यसो हुँदा जबरजस्त ढङ्गले नेकपा एमाले चाहिँ जन्मका आधारमा नागरिकता प्राप्त गरेका सन्तानका नागरिकले पाउनुपर्ने नागरिकताको नागरिकको बारेमा विरोधी छ । भनेर जबरजस्त फैलाउन खोजिएको छ । र यसलाई भोटको राजनीति पनि गर्न खोजिएको छ । मलाई लाग्छ । ती नागरिकहरू जसले नागरिकता प्राप्त गर्नुपर्ने थियो । तिनीहरू यसमा स्पष्टै छन् । र केहिबाहेक स्पष्टै छन् भन्ने मलाई लाग्छ । पहिलो यो विषय ।

अर्को विषय सम्मानित अदालतले संसदबाटै कानुन बनाएर नागरिकता दिनको लागि स्पष्ट आदेश दिएको थियो । तर यो गठबन्धनको सरकारले नै हो अङ्गिकृतको नाममा विदेशीलाई

नागरिकता दिने उद्देश्यबाट विधेयक ल्यायो र नेपाली नागरिकसँग बैवाहिक सम्बन्ध कायम भएका व्यक्तिलाई अङ्गिकृत नागरिकता दिन सात वर्षको प्रावधान राख्नुपर्छ भनेर एमालेले राखेको विषयलाई सुनिएन । र जबरजस्त उक्त राष्ट्रियता विरोधी प्रावधान भएको विधेयक पारित गरियो । उक्त कुरा प्रतिनिधि सभाको राज्य व्यवस्था समितिले पनि सात वर्षे प्रावधान राख्ने निर्णय गरेको कुरा सबैलाई थाहा भएकै कुरा हो । त्यसलाई पनि सुनिएन । बहुमतका आधारमा जबरजस्त पारित गरियो । दोस्रो विषय यो छ ।

तेस्रो विषय भनेको तत्कालीन राष्ट्रपति विद्या देवी भण्डारीलाई इङ्गित गरेर चाहिँ उहाँको विरोध गर्ने अहिले पनि उहाँले चाहिँ निवृत भइसकेको अवस्थामा पनि उहाँप्रति चाहिँ लान्छना लगाउने काम भइरहेको छ । तत्कालीन सम्माननीय राष्ट्रपति विद्या देवी भण्डारीले उठाउने भएका गम्भीर विषयलाई कुनै वास्ता गरिएन । र पूर्वाग्राही दृष्टिकोणले हेरियो र कमा, फुलिष्टमसमेत परिवर्तन नगरि राष्ट्रियतासँग जोडिएको यस्तो गम्भीर विषयमा जबर्जस्ती दुई दुई पटक पारित गरियो । उक्त पूर्वाग्राही निर्णयलाई तत्कालीन राष्ट्रपतिले रोकेर संविधान मिचेको भनियो । तर म के भन्छु भने यसलाई साहसिक कदम भन्छु । यो संविधान मिचेको होइन । राष्ट्रियताको जगेर्ना गर्ने सन्दर्भमा उहाँले खेल्नुभएको भूमिका हो । म एउटा कुरो यहाँहरूलाई स्मरण गराउन चाहन्छु । दुइटा निर्णयहरूलाई मैले साहसिक निर्णय भनेको छु, राष्ट्रपतिहरूका । तत्कालीन राष्ट्रपति रामवरण यादव जसले गृहयुद्ध हुनबाट मुलुकलाई जोगाउनुभयो । र तत्कालीन कटुवाल प्रकरणमा उहाँले एउटा निर्णय म के भन्न चाहन्छु भने देशको राष्ट्रपति संविधानको संरक्षक हो । त्यो स्वभाविक कुरा हो । त्यो सबैले मानेका छन् । तर संविधान कि राष्ट्रमाथि हो भनेर निर्णय गर्ने बेलामा राष्ट्रमाथि हुन्छ । त्यति बेला उसले विवेक प्रयोग गर्नुपर्छ । विवेक प्रयोग गर्ने सन्दर्भमा तत्कालीन राष्ट्रपति रामवरण यादवले गरेको कदमलाई पनि म साहसिक भन्छु । उहाँले गृहयुद्ध हुनबाट जोगाउनुभो' । किन भने सेनालाई जबर्जस्ती कब्जा गर्ने रणनीतिअन्तर्गत जुन निर्णय गरेको थियो । त्यसलाई वहाँलाले खारेज गर्दिनुभो' । त्यसको साथसाथै विद्यादेवी भण्डारीले गरेको निर्णय पनि यो राष्ट्रमाथि कि संविधानमाथि भन्दा राष्ट्रमाथि भनेर उहाँले त्यो निर्णय गर्नुभो' । त्यसकारण यस विषयलाई धेरै कोटयाइरहनु आवश्यक छैन र प्रधानमन्त्रीको हैसियतबाट उहाँले यो सदनमा उभिएर त्यसखालको नसुहाउँने कुरा गर्नुहुँदैन थियो भन्ने म स्पष्ट राख्न चाहन्छु ।

अब दोस्रो कुरा छ । यो भारत भ्रमण र भारतको नक्साको सन्दर्भमा । के देखियो भने जतिसुकै शिर ठाडो पारेर भारतबाट फर्किएको भने पनि तीनओटा कुरामा प्रधानमन्त्री चुकेको देखियो । एउटा ईपीजीको सवाल, अर्को संसद भवनको नक्साको सवाल र अर्को लिपुलेक,

लिम्पियाधुरा, कालापानीको सन्दर्भमा सशक्त ढङ्गले आवाज नउठाउने सवाल । म यहाँहरूलाई भन्न चाहन्छु कि यो नक्साको विषय हामीले भन्न सक्नुपर्छ । यहाँ माननीयज्यूहरू विभिन्न पृष्ठभूमिबाट आउनुभा'को माननीयज्यूहरू हुनुहुन्छ । भारतलाई विस्तारवादी भारत भनेर त्यो पृष्ठभूमिबाट, त्यो आन्दोलन गरेर आउनुभएको छ । हामीले त म नेकपा एमालेको एउटा संसदको हिसाबले उभिरहँदाखेरि हामीले त त्यो शब्द भन्न छोडिसकेका थियौं । किन भने छिमेकी राष्ट्रसँगको सम्बन्ध बिग्रिन्छ किन बिगार्ने? भनेर तर योबाट के देखियो भने यो भारतको हेपाह र विस्तारवादी सोँचको उपज हो । यो भन्न सक्नुपर्छ । यहाँ प्रधानमन्त्रीले पनि भन्न सक्नुपर्छ । तर त्यो ढङ्गले भन्नसक्नुभएन उहाँले । यस्तो नक्सा राखेर यो ऐतिहासिक र सांस्कृतिक विषय भनेर अरुलाई उल्लु बनाउन पाइँदैन । त्यसो भए त ब्रिटिस सरकारले त भारतलगायतका विश्वका धेरै मुलुकलाई समेटेर बनाएको नक्सा ब्रिटिसको संसदमा राख्नुपर्ने हो किन भने एक जमाना त यस्तो थियो कि ब्रिटिसमा त कहिल्यै घाम अस्ताउँदैन भनेर भनिन्थ्यो । त्यसले त्यसरी राखेको छ कि छैन? भारतको यो कदमको हामीले घोरभर्त्सना गर्नुपर्छ किन भने त्यो विषय कुनै संग्राहलयमा राख्न सकिन्छ, सकिएला । तर संसदमा सबैले देख्ने गरी नक्सा राख्ने कुरा के सामान्य कुरा हो? त्यो प्रधानमन्त्रीले सशक्त उठाउनुसक्नु भएन । उहाँले नेपालको इज्जत जोगाउन सक्नुभएन । र नेपालका केही भूभागसहित समेटर त्यो भारतमा त्यो नक्सा जुन जारी गरिएको थियो ।त्यो त्यसको घोर विरोध गर्नुपर्थ्यो । त्यो गर्न सक्नुभएन । र उहाँले के भन्नुभो' भने हाइलेवलमा कुरा गरिएन । र पछाडी उहाँले के पनि भन्नुभयो भने परिस्थिति बिग्रिन्छ भनेर परिस्थिति बिग्रिनुपर्थ्यो । त्यो विषय उठेवापत परिस्थिति बिग्रिनुपर्थ्यो । र उहाँ डाइलग नगरीकन फर्किनुपर्थ्यो । म त्यो भन्छु । परिस्थिति बिग्रिन्छ भनेर आफ्नो देशको पनि नक्सा गाभेर जारिगरिएको संसद भवनअगाडि राखिएको नक्साको विरोध नगर्ने? त्यसले गर्दाखेरि यो विषयमा प्रधानमन्त्री चुकेको अवस्था छ ।

र दोस्रो कुरो ईपीजी, ईपीजीको सवालमा यो असाध्यै महत्त्वपूर्ण कुरा हो । दुई देशको सम्बन्धलाई सम्बन्ध विस्तार, सम्बन्धको ऐतिहासिक पक्ष सबैलाई मध्यनजर राखेर एउटा दृष्टिकोण बनाउने गरी दुई देशका प्रधानमन्त्रीले बनाएको जुन ईपीजी हो । त्यसको विषय नै नउठाँउने? अनि यो विषयलाई पनि फेरि हाइलेवलमा केहीँ कुरै नगर्नि? सम्बन्ध बिग्रिन्छ कि भनेर । त्यसको साथसाथै लिपुलेक, लिम्पियाधुरा र कालापानी जस्ता क्षेत्रहरूलाई क्षेत्रहरूको सन्दर्भमा हामीले सर्वसम्मत ढङ्गले यो नेपाल कै भूमि हो भनेर निर्णय गरिसकेको अवस्थामा सशक्त ढङ्गले कुरा उठाउनुपर्थ्यो । र त्यो कुरा नउठाएर उहाँले गम्भीर गल्ती गर्नुभएको छ । र यहाँ आएर शिर ठाडो पारेर चाहिँ हामीले एकदमै राम्रो काम गरेका छौं भनेर उहाँले

भन्नुभयो । त्यसकारणले गर्दा यो बारेमा प्रधानमन्त्रीको भारत भ्रमण मलाई लाग्छ । सफल होइन असफल मात्रै होइन यो चाहिँ शिर निउराएर आउने खालको भयो भन्ने मेरो बुझाइ छ ।

सम्माननीय अध्यक्ष महोदय, यो बजेटको बारेमा छलफल गर्दा अब यहाँ यो मन्तव्य प्रतियोगिता नै जस्तो भइराखेको छ । अब प्रतियोगिता भनौं भने प्रथम, द्वितीय घोषणा होला जस्तो पनि छैन । अब यसलाई मन्तव्यको होडबाजी मात्र भन्नुपर्ला । किन भने यहाँ माननीयज्यूहरूले भनी सक्नुभएको छ । यसमा कमा, फुलिष्टप केही पनि चेन्ज हुँदैन । यो नाटक यो संसदमा आएर तीन तीन दिनसम्म खर्च गरेर । यहाँ धेरै खर्च पनि भएको छ । खर्च गरेर गर्नुको केही अर्थ रहँदैन भने यस्तो छलफल गर्नुको के तुक रहन्छ? त्यसकारण मलाई त धेरै यसमा छलफल हुन पनि गर्न पनि मन छैन ।

अब यसमा के छ भने सत्ता पक्षका सांसदहरूले उत्कृष्टताको लेपन लगाइदिनुहुन्छ र यसलाई सुन्दर बनाइदिनुहुन्छ । र प्रतिपक्षले तथ्यमा आधारित भएर कुरा उठाउँदा सुनुवाइ गर्ने कोहि पनि हुँदैन । भनेपछि यहाँ तथ्य प्रस्तुत गरिन्छ । त्यो तथ्यमा आधारित कुराको सुनुवाइ पनि कसैले गर्दैन भनेपछि अब यसको मिलन बिन्दु चाहिँ के होला त? भन्दाखेरि मैले चाहिँ पत्ता लगाउन सकेको छैन । यसको मिलन बिन्दु केही पनि हुने छैन । र अन्तिममा गएर यो हुन्छ र हुन्नमा यो टुङ्गिनेछ । त्यसकारण यो सत्तापक्ष साइडदेखि उत्तरपट्टिका सांसदहरूले हुन्छ भन्नुहुने छ, प्रतिपक्षले हुन्न भन्नुहुने छ । त्यतिमै यसको सीमितता हुने छ । त्यसकारण मैले यो विषय किन उठा'को भने  चाहे त्यो नीति कार्यक्रमको विषय होस्, चाहे त्यो प्राथमिकताको विषय होस्, चाहे त्यो बजेटको विषय होस् । यी विषयहरूमा केही ड्यास्ट्रिक चेन्ज हुन सक्छ माननीयहरूले भनेका कुराहरूको भने छलफल चलाउँ नत्र भने छलफल नचलाउँ । र सरकारले ल्याउँछ । त्यही पसा भो' भन्ने एउटा नीति बनाउँ । र यो अहिले यो व्यवस्था, व्यवस्था कै पनि केही त्रुटी होला । जुन हामीले प्रवन्ध गरेका छौं । त्यो प्रबन्धको पनि त्रुटी होला । त्यो प्रबन्धको त्रुटि छ भने त्यो प्रबन्धलाई नै सच्याउँनुपर्‍यो । र हामी अगाडि बढ्नुपर्‍यो ।

अब यहाँ अर्को के देखियो भने मैले केही कुरा बोल्नुभन्दा अगाडि मैले यो विषयलाई पनि उठाउनुपर्छ । यहाँ एउटा दरित्र चिन्तन पनि देखियो फेरि । कस्तो देखियो भने विपक्षीले विरोध गर्‍यो । विपक्षीले ठुलठुला स्वरमा विरोध गर्‍यो त्यसकारण यो बजेट सफल भयो । यो विपक्षीले विरोध गरेको हुँदा जति जति विपक्षीले विरोध गर्छ त्यति यो बजेट सफल हुन्छ रे । यस्तो खालको कुराहरू भए । यसलाई मैले दरिद्र चिन्तनको सङ्ज्ञा दिन्छु । र यहाँ बत्ती बलिसकेको छ । मैले यो विषयमा यति नै राख्दाखेरि हुन्छ भन्ने लाग्छ । यहाँ अरू केही राख्नुपर्छ जस्तो लाग्दैन । यी मैले भनेका जुन विषयहरू छन् । यी विषयहरूलाई नै हामीले

अलिकति (टाइम छ? अस्ति, अस्ति एकचोटी पनि यस्तै भा'थ्यो मेरो । चार मिनेट चाहिँ सम्माननीयज्यूको तर्फबाट अर्कै हाम्रा सम्माननीयज्यूबाट) मैले यो बत्ती बलिसकेपछि मेरो आफ्नो कुरालाई हुन त मेरो कुरा लगभग सकिएकैथ्यो भनेर मैले भने किन भने यही कुरा हो । किन भने हामीले मैले विरोध गरे भने सफल भा'को ठहर्छ नि त । त्यसले गर्दा यसलाई मैले असफल बनाउनु छ भने विरोध गर्नुभएन । विरोध नगरीकन धन्न उहाँले मलाई सम्माननीयज्यूले अलिकति समय रहेछ भनेर भन्नुभो' तर मैले विरोध नगरीकन जाँदाखेरि यो बजेट के हुन्थ्यो? यो सफल हुन्थ्यो । किन कि मैले विरोध गरिन । म प्रमुख प्रतिपक्ष दलको नेता पनि हो । र यस्तो खालको दरिद्र चिन्तनबाट मुक्त हुनुपर्छ । म पनि लगभग लगभग कम्युनिष्ट पार्टीमा लागको ४० वर्षभन्दा बढी नै भयो । यस्ता यो माओका चाहिँ अब ती थेउरीहरू राता किताबहरू कति कन्ठ गरियो, गरियो । भनेर साध्य छैन । तर आज हामी एउटा संसदीय प्रणालीमा आएका छौं । संसदीय व्यवस्थामा आएका छौं । विपक्षीहरूको कुरालाई सुन्नुपर्छ । विपक्षीको कुरालाई सृजनात्मक ढङ्गले लिनुपर्छ । अनि मात्रै अगाडि बढ्न सकिन्छ । यहाँ विपक्षी छ, यहाँ सत्ता पक्ष छ । दुइटै मिलेर मात्रै अगाडि बढ्न सक्छ यो व्यवस्था भन्ने आत्मसात् गरेर हामीले यो व्यवस्थालाई अङ्गिकार गरेका हौं । त्यसकारण मैले सङ्केत पाइसकेको छु । यो छोटो समय छ ।

र यो बजेटको नीति चाहिँ के छ भने तै पनि केही कुरा त गर्नै पर्‍यो । यसको नीति के रहिछ भने ..... (संस्कृत भाषामा बोल्नुभएको ।) भन्ने र'छ । ऋण गरे पनि घिउ खानुपर्छ भन्ने यसको नीति रहिछ । किन भने यहाँ ऋणको कुरा गरिएको छ । २ खर्ब १२ अर्ब ७५ करोड ऋण चाहिँ लिने अरे विदेशीबाट र आन्तरिक ऋण चाहिँ २ खर्ब ४० अर्ब लिने रे । र जम्मा ४ खर्ब ५२ अर्ब ७५ करोड ऋण लिने रे । र वैदेशिक अनुदान चाहिँ ४९ अर्ब ९४ करोड वैदेशिक अनुदान पाइन्छ भन्ने आशा गर्नुपर्छ । यो बजेटले त्यो भन्या छ । र यहाँ यसो हेर्दाखेरि ११ खर्ब ४१ अर्ब ७८ करोड ६५ प्रतिशत चाहिँ राजस्वबाट यसलाई पूरा गर्ने भनेर भनिएको रहेछ । तर १२ खर्ब ४८ अर्ब ६२ करोड चाहिँ आउने अनुमान गरिएको रहेछ । र यसमा यो खर्च चालुतर्फको खर्च ११ अर्ब र आउने अनुमान चाहिँ ११ खर्ब र आउने चाहिँ १२ खर्ब गर्दाखेरि यहाँ फरक १ खर्ब ६ अर्ब ८४ करोड रहेछ । र यो जुन फरक छ । यो फरकलाई हेर्दाखेरि के देखिन्छ भने पूरा राजस्व उठ्यो भने यो हुने भो' । तर यसपालिको हेर्दाखेरि के देखिन्छ भने ३ खर्ब चाहिँ राजस्व कम उठ्ने देखिरा'छ भनेपछि अर्को वर्ष पनि त्यति नै कम उठ्यो भने त सामान्य खर्च बेहोर्नका लागि पनि ऋण यो बेहोर्नुपर्ने, ऋणबाट बेहोर्नुपर्ने रहिछ । भनेपछि विकास निर्माणको काम त जुन हवाइ कल्पनाहरु जनु गरिएका छन् ।

नाराहरू दिएका छन् । यी सबै कुराहरू त कता गए, गए किन भने यो हामीले साधारण खर्च त गर्नै पर्छ । कर्मचारीको तलब दिनैपर्छ । त्यसले गर्दाखेरि यो हेर्दाखेरि त्यही नै एउटा सिद्धान्तमा आधारित रहेको छ । ऋण गरेर घिउ पिउने त्यो हुन सक्ने स्थिति छैन । र यो जुन सरकार छ । यो सरकारले हिजो एक जना माननीयज्यूले भनेको कुरालाई आत्मसात् गर्‍यो भने चाहिँ ठिक होला? र एक जना सत्तापक्ष कै माननीयज्यूले त्यसलाई समर्थन गर्नुभा'को थियो । विपक्षीहरूसँग बसेर अब यो देशको अर्थतन्त्र चाहिँ कसरी सम्हाल्ने? कसरी अगाडि बढाउने भनेर, अर्थतन्त्रका समस्याहरू के हुन भनेर, छलफल गरेर अगाडि बढ्यो भने होला । नत्र भने अर्को वर्ष चाहिँ २६ खर्ब ऋण पुग्दैछ । हस्वस्, त । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय जितेन्द्र नारायण देव । समय ७ मिनेट । त्यसपछि माननीय जयन्ती देवी राई ।

(१२:०५ बजे) **<u>माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, म विषयान्तर हुन चाहन्नँ र विषयान्तर यो बजेटमा अब नागरिकता समस्या कहाँनिर छ र प्रधानमन्त्रीजीको भ्रमणको विषय कहाँ छ मैले पाइनँ । त्यसकारणले बजेटमा छलफल गर्न आउँदाखेरि बजेटमा छलफल नगरिकिन अन्य विषयहरूलाई उठाएर जाँदा कति उपयुक्त अनुपयुक्त भन्ने कुरा चियरले सम्माननीय चियरले नै विचार गर्ने कुरा भयो म त्यो यसमा केही मेरो टिप्पणी छैन । म सधैं विषय प्रवेश गर्न चाहन्छु ।

म एउटा अर्थशास्त्रको विद्यार्थी र मैले पढेको के हो भन्दाखेरि यो बजेट भन्ने कुरा विषय दस्तावेज राजकीय दस्तावेज अर्थशास्त्रमा यस्तो विषय हो । जो कहिल्यै कुनै पनि बेला कुनै पनि सरकारमा कुनै पार्लियामेन्ट्री डेमोक्रेसी भएको मुलुकमा जहाँ तानासाही व्यवस्था छ । त्यहाँ म कुरा गर्दिनँ । पार्लियामेन्ट्री डेमोक्रेसी भएको मुलुकमा कहीं पर्फेक्ट हुँदैन । मैले अर्थशास्त्रको विद्यार्थीको हिसाबले यही बुझेको छु राम्रो हुन्छ । नराम्रो हुन्छ । यो राम्रो कि नराम्रो भन्ने कुरालाई अर्थशास्त्रीय दृष्टिकोण के हो भन्दाखेरि यसलाई समष्टीमा हेर्नुपर्छ । म्याक्रो इकोनोमिक फ्रेमवार्कमा यसलाई हेर्नुपर्छ । समष्टीमा यसमा राम्रा कुराहरू धेरै छन् कि नराम्रा कुराहरू धेरै छन् भन्दाखेरि यदि सही मानेमा एउटा इमानदारीसाथ भन्ने हो भने मलाई यहाँहरूले खालि नेपाली काँग्रेसको संसदीय दलको नाताले मात्रै होइन म एउटा अर्थशास्त्रको विद्यार्थी पनि हुँ र एउटा अर्थशास्त्रको विद्यार्थीको नाताले मैले भन्दाखेरि मैले इमानदारीसाथ यो कुरा भन्नै पर्छ कि यो बजेटमा कन्टेक्सचुअल अहिले नेपालको जुन आर्थिक परिस्थिति छ । दक्षिण एसियाको जुन

आर्थिक परिस्थिति छ र विश्वको जुन आर्थिक परिस्थिति छ । यो कन्टेक्स्टमा यो बजेट अत्यन्तै सन्तुलित छ । अत्यन्त व्यावहारिक छ । र अत्यन्त इस्यू फोक्सड छ । नेपाल फोक्सड छ यो । मैले यो कुरा भन्नै पर्छ । केही यस्ता विषय छन् । रसिया युक्रेनको वारले होल अन्तर्राष्ट्रिय रूपमा आपूर्ति शृङ्खला जुन छ । सप्लाई चेन त्यो बिग्रिराखेको छ । के त्यसलाई हामीले नेपालले प्रचण्डको सरकारले चाहेर त्यसलाई करेक्ट गर्न सक्छ? या त्यो वारले गर्दाखेरि जुन वस्तुहरू महङ्गो भएर आइराखेको बाहिरबाट यहाँ आएर महङ्गो हुनु स्वाभाविक हो । त्यसलाई के इन्टरभेन्ट गर्न सक्छ? नेपालले कि हाम्रो बुनाभन्दा बाहिरको कुरा हो । इकोनोमिकल्ली नै हेर्ने हो भने तर हाम्रो देशभित्रै हाम्रा केही संरचनागत समस्याहरू छन् । आर्थिक इकोनोमीमा केही संरचनात्मक समस्याहरू छन् र त्यो संरचनात्मक समस्यालाई कसरी रिस्ट्रक्चर गर्ने करेक्ट गर्ने त्यसमा फोक्सड भएर यो चाहिँ दस्तावेज आएको छ । र अस्ति प्रधानमन्त्रीजी स्वयम्ले पनि र अर्थमन्त्रीजीले पनि सिद्धान्त र प्राथमिकता नीति र कार्यक्रममा आफ्नो कुरा राख्दाखेरि आफूले भन्नुभा' छ । कि हाम्रो मूल फोक्सड हाम्रो संरचनागत समस्या के हो भन्दाखेरि जहिले पनि आयात बढ्दै जाने र निर्यात घट्दै जाने । अर्थात् हाम्रो उत्पादन र उत्पादकत्व नबढ्ने मुलुक भित्र रोजगारी नबढ्ने ।..... त्यसकारण हाम्रो इकोनोमीको सेन्ट्रल पोइन्ट के हो भन्दाखेरि हामी उत्पादनमा कमजोर छौँ । उत्पादन हाम्रो भैराखेको छैन । उत्पादकत्व हाम्रो बढिराखेको छैन । त्यसले गर्दाखेरि रोजगारी सिर्जना भैराखेको छैन । त्यसले गर्दाखेरि जनताको पर्चेजिङ पावर हाई भैराखेको छैन । त्यसले गर्दाखेरि डिमान्ड कमजोर भैराखेको छ र सप्लाईको स्थिति कमजोर छ । त्यसले गर्दाखेरि यो विषयले समाधान गर्नको निमित्त एकदम फोक्सड भएर अहिलेको यो बजेट चाहिँ आ'को छ । र जसरी म उदाहरण एउटा मात्रै दिन चाहन्छु ।

होल अहिले यत्रो विषम् परिस्थितिको बाबजुत पनि कृषिमा पोइन्ट थ्री पर्सेन्टको बजेट बढाइएको छ । लास्ट इयर थ्री पोइन्ट थ्री फोर पर्सेन्ट थियो । यसपालि थ्री पोइन्ट थ्री सेभेन पर्सेन्टले आ'को छ । कति सेन्सिटिभ छ यो सरकार कृषिलाई हाई प्रायोरिटीमा राखेर यत्रो टाइट सङ्कुचन र प्रेसरको बाबजुत पनि कृषिलाई हामि आत्मनिर्भर हुन सकेनौं भने आयात प्रतिस्थापन गर्न सकेनौं भने निर्यात बढाउन सकेनौं भने र भोलि त्यही रसिया युक्रेनको वारले या भोलि सम्भवतः सम्भावित जुन टेन्सन अहिले साउथ एसिया सिमा छ । त्यहाँको परिस्थिति बिग्रेर गयो भने भोलि त्यसको एउटा ठुलो अन्तर्राष्ट्रिय सप्लाई चेनमा एउटा ठुलो प्रहार भयो भने भोकभोकै मर्नुपर्ने हुन्छ । नेपाल भोक भोकै मर्नुपर्ने हुन्छ । इम्पोर्ट इकोनोमी भ'को हुनाले । कम से कम भोलि एउटा हामी भात खाएर त बस्न सकौं । आलु खाएर त बस्न सकौं भनेर

धान र आलुमा आत्मनिर्भर हुनुपर्छ । यसलाई टार्गेट गरेर यो बजेट आ'को छ । आजभन्दा पहिला म सोध्न चाहन्छु । सम्माननीय अध्यक्ष महोदय, के कुन सरकारले आजभन्दा पहिला कुनै एउटा एग्रिकल्चर सेक्टरमा यो अथवा त्यो दुई चारओटा मेजर प्रोडक्टहरूको बारेमा हामी आत्मनिर्भर भएर जानुपर्छ । देशलाई सेल्भ रिलाइन्ट बनाउनुपर्छ भनेर कसले भनेको छ? कुन सरकारले भनेको कुन अर्थशास्त्रीले भनेको छ । म च्यालेन्ज गर्न चाहन्छु । म सम्झन्छु । युवराज खतिवडा अर्थमन्त्री हुँदाखेरि मैले डिल्ली खनालको प्रतिवेदनको कुरा उठाएको थिएँ । सार्वजनिक खर्च कटौती गर्ने सन्दर्भमा अनि वहाँले भन्नुभो' सल्लाह भनेको सल्लाह हो । सुझाव भनेको त सुझाव हो । सुझावलाई लागु गर्न पनि सकिन्छ । नगर्न पनि सकिन्छ That was the mentality of that government अहिलेको अर्थमन्त्रीले भन्नुभ' छ यो बजेटमा डिल्ली खनालको प्रतिवेदन भरमादुर लागु गरिन्छ । सार्वजनिक खर्चलाई कटौती गरिन्छ । बत्ती नबोलेको भए म दुधको दुध र पानीको पानी गर्दिन्थें हरेक विषयलाई । त्यसकारणले बत्ती बलिसकेको सन्दर्भमा म के भन्छु भन्दाखेरि ..... यसको फोक्सड के हो भन्दाखेरि उत्पादन बढाउने मुलुकले आत्मनिर्भर बनाउने आर्थिक रूपमा मुलुक आत्मनिर्भर नहुन्झेलसम्म जति सुकै देशभक्ति राष्ट्रवाद कुरा गरे पनि त्यो खोक्रो राष्ट्रवादी हुन्छ । Pseudo Nationalism हुन्छ । अन्ध राष्ट्रवाद हुन्छ त्यो । त्यसकारणले यो बजेट देशलाई बलियो गर्ने गरी इकोनोमिकल्ली बलियो गर्ने गरी इकोनोमी बलियो भएर मिलिट्रिली, पोलिटिकल्ली, डिप्लोम्याटिकल्ली बलियो गर्ने दिशामा नेपाललाई लैजानको लागि यो बजेट आ'को छ । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय जयन्ती देवी राई । समय १२ मिनेट । त्यसपछि माननीय कृष्ण प्रसाद पौडेल ।

(१२:१२ बजे) **माननीय श्री जयन्ती देवी राई (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, हामी २०८०/८१ को बजेट वक्तव्यको छलफलमा छौं । र म सबैभन्दा पहिला म जुन यो बजेटमा केही नयाँ कुराहरू ल्याउने कोसिस गरिएको छ र अलिकति प्रगतिशील र विकासका कुराहरूलाई अलिकति जोड दिएको छ । त्यसकारणले म माननीय अर्थमन्त्रीज्यूलाई धन्यवाद दिन चाहन्छु । र यो बजेट जस्ताको तस्तै कार्यान्वयन होस् भन्ने कुरा पनि म शुभकामना दिन चाहन्छु । र म आफ्नो केही सुझावका साथ यो बजेटलाई समर्थन गर्न चाहन्छु ।

कूल बजेट १७ खर्ब ५१ अर्ब ३१ करोड रहेको र चालु खर्च ४१ खर्ब ११ अर्ब, पुँजीगत खर्च ३ खर्ब २० अर्ब, वित्तीय व्यवस्थापन खर्च ३ खर्ब ७ अर्ब, राजस्व १२ खर्ब ४९ अर्ब, बैङ्किङ अनुदान ५० अर्ब, आन्तरिक ऋण २ खर्ब ४ अर्ब, वैदेशिक ऋण २ खर्ब ४ अर्ब जुन एउटा यो यस्तो क्रिटिकल, यो सङ्कटको बेलामा जुन यो प्रयत्न गरिएको छ, यति हुँदा हुँदै पनि एकदमै धेरै हामीबिचमा यो कार्यान्वयन गर्ने सन्दर्भमा धेरै चुनौतीहरू छन् । र यतिबेला राजस्व सङ्कलन गर्ने अवस्था छैन । र राजस्वले यो मुलुक सञ्चालन हुने अवस्था पटक्कै छैन । र सबै खाले व्यवसायहरू ठप्प रहेको छ । साना मझौला किसानहरू ऋण तिर्न नसकेर आत्महत्या गर्ने बाटो रोजेका छन् । र बचत तथा सहकारी धरासायी बनेको छ । आमयुवाहरू, विद्यार्थीहरू विदेश पलायन हुने अवस्था बढ्दै गइरहेको छ । निजी लगानी, शिक्षा, स्वास्थ्य सबै धरासायी बन्या छ । शक्तिशाली देशहरूमा पनि आज आर्थिक सङ्कट पैदा हुँदै गइरहेको छ । जस्तैः रुस-युक्रेनको युद्धले पनि हो एउटा । र अमेरिकाजस्तो विकसित मुलुकमा पनि आज बैङ्कहरू धरासायी हुँदै गइरहेको अवस्था छ । र विश्वव्यापी आर्थिक मन्दीको लक्षणहरू देखिएको छ । जसको कारण नेपालले वैदेशिक मुलुकबाट सहयोगको जुन अपेक्षा गरिएको छ, यो कुरा प्राप्ति गर्ने कुरामा हामी धेरै नै अब सम्भावना त्यस्तो देखिने स्थिति छैन ।

र ठुला अर्थतन्त्रमा पर्ने समस्याका कारण विश्वबैङ्क र अन्तर्राष्ट्रिय मुद्रा कोषलगायत ऋण दिने क्षमतामा समस्या देखापर्नु निश्चित छ । तथापि अर्थमन्त्रीज्यूले राजस्व सङ्कलन गर्ने आर्थिक वृद्धिदर बढाउने, रोजगार सिर्जना गर्ने, किसानलाई एउटा आत्मनिर्भरता बनाउने, आर्थिक आत्मनिर्भरता गराउने, बन्द भएका उद्योगहरू सञ्चालन गर्ने, कृषि पेन्सनको कुरा, वैदेशिक ऋण सहज गर्ने, खर्च कटौती गर्ने, मितव्ययिता अपनाउने, सबैभन्दा महत्त्वपूर्ण कुरा आन्तरिक उत्पादनलाई प्रोत्साहन गर्ने र यसलाई चैं बजारीकरण गर्ने र प्रशोधन गर्ने, आधुनिकीकरण गर्ने, व्यवसायीकरण गर्ने बजेटसम्म पनि अब यसलाई चैं राम्ररी नै छुटाइएको छ । र उद्योग निःशुल्क दर्ता गर्न पाउने, श्रम कानुनलाई चैं एउटा लचिलो बनाउने र व्यावहारिक बनाउने र अब एउटा मेक इन नेपाल र मेड इन नेपाललाई प्रोत्साहन गर्ने र अभियानलाई प्रोत्साहन गर्नेजस्ता कुराहरू एकदमै राम्रा आएका छन् ।

र विशेष रूपमा रैथाने बाली जुन हिजो यो प्रोग्राम आ' थिएन । कर्णालीका केही जिल्लाहरूमा उत्पादन भएको मार्सी चामल, कोदो, त्यसपछाडि त्यहाँका अदुवाहरूलाई, त्यहाँ सिमीलाई सरकारले बजारीकरण गर्ने र त्यसको एउटा निश्चितता एउटा बिक्री गर्ने त्यसको चैं एउटा ग्यारेन्टी लिनेजस्तो कुरा र मुस्ताङका आलु यस्ता यस्ता कुराहरूले गर्दा अलिकति रैथाने बाली उत्पादन गर्नेमा धेरै उत्साहित भएका हुने छन् । र धेरै जिल्लाहरूमा यसलाई रिसर्च

गर्नपर्ने, अनुसन्धान गर्नुपर्ने र त्यस्ता रैथाने बालीहरू धेरै जिल्लाहरूमा रहेका छन् । त्यसलाई क्रमिक रूपमा लानुपर्ने स्थिति छ । र त्यो एकदमै महत्त्वपूर्ण कुरा रहेको छ । तर पनि यो सङ्कट धान्ने, होइन यति हुँदा पनि यो सङ्कट धान्ने बजेट भने चैं अहिले सक्दैन भन्ने मलाई लाग्छ ।

र म आज माननीय अर्थमन्त्रीज्यू अगाडि हुनुहुन्छ । मैले यसै रोस्टमबाट जुन बेला आर्थिक नीति सैद्धान्तिक छलफल भइरहेको बेलामा एकदम कडाका साथ भनेको थिएँ कि यो जब यो सन्तुलित हुनुपर्छ, जहाँ विगतमा भएजस्तो, विगतमा पनि पहुँचवालाहरूको ले सिङ्गै रकमको आदि रकम त्यहाँ जाने र सिङ्गो रकम मात्रै देशका जनताहरू लगानी गर्ने कुराहरू त्यो बेठिक छ । त्यसलाई सच्याउनुपर्छ भनेका थियौं तर आज हामीले यति राम्रो बजेट आउँदा आउँदै पनि वास्तवमा हाम्रो आशाको मुनाहरू चैं एउटा त्यसले एउटा विश्वासहरू घट्ने स्थिति, अवस्था पैदा गरेको छ । किनभने अहिले जुन कृषि, सडक निर्माण गर्ने सन्दर्भमा जम्माजम्मी चैं त्यहाँ के छ भन्दाखेरि सहायक राजमार्गहरू निर्माण गर्ने सन्दर्भमा ५ अर्ब बजेट रहेको मा १ अर्ब २० करोड चैं हाम्रो पूर्वप्रधानमन्त्री शेरबहादुरको जिल्लामा चैं उहाँको मा जम्मा ८ ओटा आयोजनाहरूमा चैं छुटाइएको छ । र हरेक योजनामा कम्तीमा १० करोडदेखि ३० करोडसम्म योजना छुटाइएको छ भने बाँकी १ अर्ब र ६८ करोड चैं अझ अरू हाम्रा अहिलेको तत्कालिन प्रधानमन्त्रीको निर्वाचन क्षेत्र र अर्थमन्त्रीज्यूको जिल्लामा, गृह जिल्लामा छुट्टिएको छ । वास्तवमा यो कुराले कति आशावादी हुने? त्यसकारणले म विनम्रताका साथ आग्रह, अनुरोध गर्न चाहन्छु, यो काले काले मिलेर खाऊँ भाले भन्ने जुन चेतना छ, चिन्तन छ, प्रवृत्ति छ, यो कुरालाई हामीले सच्याउनैपर्छ, सच्चिनै पर्छ हामीबाट भन्ने म अनुरोध गर्न चाहन्छु ।

र अर्को कुरा भनेको हामीले यहाँ जुन प्रधानमन्त्रीज्यू यहीँ रोस्टमबाट हामीलाई उत्तर दिरहनुभा' थियो । र हामीले त्यहाँ राष्ट्रिय सभाका सबै माननीयहरूले, हामीले कुरा राख्यौं । ५ करोड बजेटले यो सङ्कट धान्दैन । यो जनताको चैं चाहनाको बजेट होइन । अनुमोदित बजेट होइन भनेका थियौं । उहाँले केही हामीलाई विश्वास पनि दिलाउनुभएको थियो । तर आज त्यो ५ करोड चैं आज प्रतिनिधि सभाको माननीयहरूको नाममा विकास बजेट छुट्टाइयो । यो संविधानविपरीत छ । म यहाँबाट भन्न चाहन्छु, कि त हामीले संविधानलाई संशोधन गर्नुपर्यो र भन्न पर्यो कि राष्ट्रिय सभाको सांसदहरू भनेको दोस्रो दर्जाको सांसदहरू हुन् । त्यो भन्नुपर्यो । होइन भने किन आज discrimination? हामी कुरा ठुलो गर्ने, यहाँ चैं अब कागजमा धेरै राम्रा राम्रा कुरा गर्ने अनि हामीले व्यवहारमा चैं अहिले नै यो खालको देखाउने कुराले हामीलाई कस्तो बाटो तिर लैजान्छ? र हामीले सोचेको जुन अर्थतन्त्र मजबुत बनाउने काम हामीले कसरी गर्न

सक्छौं? भन्ने कुरा म राख्न चाहन्छु । र यसमा सच्चिनुपर्छ, सच्याइनुपर्छ होइन भने के हो त कार्यविधि? आज अर्थमन्त्रीज्यूले हाम्रोअगाडि भन्नुहुने छ भन्ने मलाई लाग्दछ ।

र बजेट धेरै कुराहरूलाई समेटेको छ । यति हुँदा हुँदै पनि जुन सिङ्गो महिलाहरूको सेक्टरमा आज बजेट एक त महिला मन्त्रालयमा जहिले पनि बजेट एकदमै कम छुट्टिने । जसले सिङ्गो सामाजिक परिवर्तन र समाज विकासको काम त्यो मन्त्रालयले गर्छ । त्यही हुन्छ महिलाहरू, त्यही हुन्छ बालबच्चा, त्यही हुन्छ शिक्षा, त्यही हुन्छ वृद्धा, त्यही हुन्छ अपाङ्गता तर पनि त्यहाँ बजेट जहिले पनि हुँदैन । त्यसकारणले यो कुरालाई मध्यनजर गर्नुपर्दछ भन्ने मलाई लाग्छ । र आज महिलाहरूको काम गर्ने जुन महिला विकास हटाइएको छ, त्यसको विकल्प के हो? त्यो आउन पर्यो । हिजो जब हामीले एउटा जब संघीयताको एउटा प्रयोग गरिरहँदाखेरि त्यतिबेला महिला विकास कार्यालय हटाइएको थियो । त्यसको विकल्प उपाध्यक्ष, उपप्रमुखहरूले त्यसलाई चैं एउटा कानुनी सारा महिलाहरूको मुद्दा हेर्ने गर्थ्यो । तर आज त्यसको विकल्प के हो? त्यो पनि आउन पर्यो ।

र अर्को कुरा भनेको १६ घण्टा महिलाहरूले दिनमा अहिले काम गर्छ । १८ देखि १६ सम्म । तर उनीहरूको श्रमको मूल्य आज छैन । के गर्छ भन्दा हाउस वाइफ । जसले उनी सोध्यो भने म हाउस वाइफ हो । मेरो काम केही छैन भन्नुहुन्छ तर उहाँहरूले १६ घण्टा काम गरेको त्यो श्रमको मूल्यलाई जोड्न पर्यो त्यो राष्ट्रिय अर्थतन्त्रमा । त्यसको चैं अब आयमा जोड्नुपर्यो । र उनीहरूलाई चैं त्यो श्रमको मूल्य चैं दिन पर्यो । त्यो व्यवस्था गर्नुपर्यो । अनि मात्रै वास्तवमा ती महिलाहरू आर्थिक रूपमा सशक्त बन्ने छन् । र महिला हिंसागत जुन घटनाहरू हामीले भन्न पर्दैन । यसलाई महिला हिंसा, बेचबिखनदेखि लिएर यी सारा किशोरीहरूको समस्यालाई लिएर एउटा चेतनामूलक अभियान सञ्चालन गर्नको निम्ति बजेट राम्रो ढङ्गले चैं यसलाई विनियोजन होस् भनेर पनि म भन्न चाहन्छु ।

र अर्को सबैभन्दा यहाँ हामीले अहिले एकदमै ओझेलमा परेको यो अपाङ्गता । अपाङ्गताभित्र पनि अटिजम । जुन जवान भा'को छ, उनीहरू चैं सारा कुरा बोल्न सक्दैन । जसको परिवारले आज भन्दै छ मेरो सन्तान, सन्तानभन्दा मान्छेलाई के माया हुन्छ? त्योभन्दा ठुलो सम्पत्ति के हुन्छ? सबै हार्छन् भने सन्तानसँग हार्छन् । तर उनीहरू भनिरहेका छ मभन्दा अगाडि मेरो सन्तान मारिदिए हुन्थ्यो । यति धेरै उहाँहरूको पिर व्यथा उनीहरूको संरक्षण भन्दिएको छ तर पनि उनीहरूको अधिकारका कुरादेखि लिएर त्यो विभाग जुन बिहानदेखिको बेलुकैसम्म एकजना होइन, दुइजनाले चैं उनीहरूलाई स्याहार सुसार गरिरहेको छ । तर

गोभरमेन्ट, सरकारको ध्यान त्यहाँ गइरहेको छैन । उनीहरूको त्यो त्यतिकै उत्पादनदेखि लिएर सारा कुराहरू गइरा' छ । त्यस्ता किसिमको यो ठुलो समस्या मैले देखें । त्यसलाई जाओस्, ध्यान जाओस् भन्न चाहन्छु । र बालकहरूको सर्वाङ्गीण विकासको निम्ति पनि, अधिकारको निम्ति पनि अब यस कुराहरू यो सामाजिक विकासहरू हुन् । यिनीहरू भनेको चैं यो विकास भए मात्रै वास्तवमा दिगो विकास हुन्छ यो देशको ।

र अर्को कुरा भनेको सरकारले शिक्षा र स्वास्थ्यलाई चैं निर्मम ढङ्गले हस्तक्षेपकारी भूमिका निर्वाह गर्नुपर्यो । र सबैले समान शिक्षा र समान स्वास्थ्य पाउने खालको वातावरण सिर्जना गर्नुप्यो, सबभन्दा ठुलो कुरा । र विद्यालय, अस्पताललगायत सार्वजनिक सेवा दिने सरकारी सेवाहरूमा गुणस्तरीय बनाउने कुराहरूमा हामीले ध्यान दिन पर्ने हुन्छ । र उत्पादन लगानीमा रहेका दोयम ब्याजलाई घटाउने, कम्तीमा पनि त्यो घटाउने नीति त आइसकेको छ ७ देखि ३ सम्म । र विद्युत् उत्पादनलाई आकर्षण गर्ने यी कुराहरू आका छन् तर पनि यसलाई कटौती गरेर चैं व्यवहार घाटालाई कम गर्ने कुरा । विभिन्न बहानामा कब्जा गरिएका सार्वजनिक सम्पत्तिहरूलाई चैं सरकाले आफ्नो अधिनमा ल्याउन पर्यो । विभिन्न बन्द गरिएका उद्योगहरूलाई, उत्पादनहरूलाई सञ्चालन गर्ने, नयाँ नयाँ उद्योगहरूको सञ्चालन गर्ने अग्रसरता कायम गर्नुपर्यो । र यो मौलिक प्रविधि र उत्पादनको संरक्षण गर्ने, ब्रान्डी गर्ने, ब्रान्ड गर्ने, बजारीकरण गर्ने कुरा एकदमै राम्रो आ' छ । यो नयाँ कुरा आएछ । यसलाई एकदमै व्यवस्था गर्न पर्यो । र यो वनलाई जीवीकोपार्जनसँग जोड्नुपर्यो । जस्तैः वनमा चैं अब अहिले हुनत सबैभन्दा त्यहाँबाट लाभान्वित हुनुपर्ने, सबै रोजगार त्यहाँ खुलाउनुपर्ने यस्तो २३ प्रतिशत पनि मान्छेहरू त्यहाँ चैं लाभान्वित छैन । त्यसकारणले त्यहाँ चैं वनमा ओखर हुन्छ, टिमुर हुन्छ, खयर हुन्छ । यस्ता यस्ता कुराहरूलाई चैं हामी रिठ्ठा जस्तै साबुन, स्याम्पु यति बनिँदोरैछ । यसलाई उद्योगसँग जोडेर मान्छेहरूको जीवीका पार्जन गर्नुपर्यो र कृषिलाई उद्योगसँग जोड्न पर्यो । र जबसम्म यो व्यापार, उहाँहरूको उत्पादनलाई सरकारले किन्दिने ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय कृष्ण प्रसाद पौडेल । समय ७ मिनेट ।

**(१२:२५ बजे) <u>माननीय श्री कृष्ण प्रसाद पौडेल (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्षज्यू, यस गरिमामय सभामा आर्थिक वर्ष २०८०/०८१ को बजेटका सन्दर्भमा केही कुराहरू राख्न चाहन्छु । आज विश्वको अर्थतन्त्र नै जर्जर भएको अवस्थामा नेपालको अर्थतन्त्रमा देखिएका

अनेकौं चुनौती, विकृति, विसङ्गति र बेथितिहरूलाई चिरफार गर्दै अत्यन्त सुझ बुझका साथ आम नेपाली नागरिकहरूको इच्छा, आकाङ्क्षा, चाहाना, भरोसा र विश्वास जित्ने किसिमको बजेट ल्याउनुभ'को छ । आदरणीय अर्थमन्त्रीज्यू अर्थको विज्ञ मात्रै होइन मुलुकको कुना कन्दरामा पुग्नुभा'को छ । आम नागरिकको एक्सप्रेसन, इन्ट्रेस्ट बुझ्नुभा'को छ । त्यहीअनुसार अहिलेको समय सापेक्ष रूपमा यथार्थपरक बजेट ल्याउनुभा' हुँदा वहाँलाई म हार्दिक धन्यवाद दिँदै यो बजेटको कार्यान्वयन सही ढङ्गले होस् । आम नागरिकले यसको प्रतिफल प्राप्त गर्न सकुन् भन्ने शुभकामना पनि दिन चाहन्छु ।

बजेटका सन्दर्भमा कुरा गर्दा धेरै कुराहरू आ'को छ । हामीले पनि विगतका बजेटहरू हेरेका छौं । पढेका छौं । पानी जहाजको कुरा, रेलका कुरा, आम नागरिकको किचनमा ग्यासको पाइपका कुरा र भ्यू टावरका कुरा र म के स्मरण गराउन चाहन्छु भने करोडौं खर्च गरेर भ्यू टावर बनाइयो । भ्यू टावरको नजिकको विद्यालय जसमा झ्याल ढोका छैनन् । ती बच्चाहरूले खाने पानी पानी छैन । पुस्तकालय छैन । चउर छैन । यस अर्थमा म के भन्न चाहन्छु भने आम नागरिकको आधारभूत आवश्यकता के हो? शिक्षा हो कि । स्वास्थ्य हो कि । भ्यू टावर हो । ग्यासको पाइप हो । पानी जहाज हो । त्यसकारणले यो बजेट के छ भन्दाखेरि अत्यन्त यथार्थपरक छ । आम नागरिकको मन जित्ने खालको र बजेटले मूलतः यो अर्थतन्त्रलाई गतिशील बनाएर उच्च दिगो र फराकिलो र आर्थिक वृद्धि गर्दै लक्ष्य राखेको छ । निजी क्षेत्रको मनोबल जित्ने गुड इन्डस्ट्रियल एट्मोसफियर कायम गर्ने र रोजगारी र आय आर्जन गर्नीतिर यो बजेट उन्खुन त्यस्तै यो बजेट यो समष्टिगत आर्थिक स्थिरता कायम गर्ने र यो संघीय लोकतान्त्रिक गणतन्त्रलाई थप सुदृढ र व्यवस्थित गर्न पनि यो बजेटले ध्यान दिएको छ । र यो बजेटमा सामान्यतया यसको प्रायोरिटीको कुरा गर्ने हो भने कृषि नेपालको अर्थतन्त्रको मुटु हो । मेरुदण्ड हो र आज हामीले ३ खरबभन्दा बढीको खाद्यान्नहरू आयात गर्नुपरेको छ । यस्तो परिस्थितिमा अर्थमन्त्रीज्यूले कृषिलाई उच्च प्रायोरिटीमा राखेर उत्पादनसाथमा अनुदान हातमा भन्ने जुन पोलिसी लयाउनुभा'को छ । विगतमा त्यो अनुदान समाजका टाठाबाठा बिचौलिया र दलालहरूको हातमा जान्थ्यो । आज त्यो अनुदान सिधै किसानहरूले पाउने जुन व्यवस्था गर्नुभा'को छ । त्यसको लागि म वहाँलाई थैङ्क यू भन्न चाहन्छु ।

त्यस्तै अहिले के आइरहेको छ भने आधारभूत खाद्यान्नहरूमा पनि ट्याक्स लाग्यो भनेर बजारमा के चाहिँ भन्या छ भने । एउटा न्यारेटिभले ल्याइएको छ म के भन्न चाहन्छु र अर्थमन्त्रीज्यूलाई पनि म के क्लियर गर्न चाहन्छु मेरो बुझाइ के छ भने कृषिका वस्तुहरू विदेशबाट आयात कम होस् र नेपाली कृषकहरूले उत्पादनमा बढी नेपाली कृषकहरूलाई

उत्पादनमा बढी मोटिभेसन होस् र बाहिरबाट विदेशबाट खाद्य वस्तु नआओस् भन्ने उद्देश्य राखेर कर ला'को हो जस्तो मलाई लाग्छ । यसमा अर्थमन्त्रीजीले बढी क्लियर गर्दिनुहोला र त्यसमा चाहिँ महङ्गी बढेपछि आम नागरिकलाई केही न केही त्यसको इफेक्ट छ । त्यसलाई कम गर्ने केही उपाय छ कि? त्यसको पनि यहाँले बताइदिन म अनुरोध गर्दछु । त्यस्तै चाहिँ वहाँले दिएको प्रायोरिटी अर्थ मन्त्रालयले बजेटमा के प्रायोरिटी छ भने ऊर्जाको हाई प्रायोरिटी छ र हामीले ३ खरबभन्दा बढीको पेट्रोलियम पदार्थहरू आयात गर्छौं । ३ खरबको पेट्रोलियम पदार्थ आयात गर्ने भा'को हुनाले अहिले चाहिँ अर्थमन्त्रीज्यूले के भन्नुभा' छ भने २ वर्षसम्ममा प्रत्येक नेपाली नागरिकलाई हामी विद्युत् पुऱ्याउछौं भन्नुभा' छ म के अनुरोध गर्छु भने अति गरिब कम विकसित देशका नागरिकले उपभोग गर्ने विद्युत्भन्दा हामी नेपालीले कम गर्दा रैछौं । त्यो उपभोग बढाउनु उपाय के गर्न सकिन्छ । त्यता ध्यान दिन पनि म अनुरोध गर्छु । त्यस्तै नीति तथा कार्यक्रममा वर्षायाममा ५० र हिउँदमा ३० युनिट चाहिँ बत्ती चाहिँ निःशुल्क दिने भन्नुभा' थियो तर बजेटमा देखिँदैन । यो के हो मैले नबुझ्या हो अथवा नदेख्या हो । अब यसको पनि एन्सर दिनुहोला ।

त्यस्तै शिक्षामा आधारभूत तहमा अध्यापन गर्ने शिक्षकहरूलाई योग्यता पुग्यो भने माथिल्लो तहमा प्रोमोसन गर्ने भन्नुभा' छ । माध्यमिक लेभलमा चाहिँ गणित अङ्ग्रेजी र विज्ञान पढाउने शिक्षकको दरबन्दी बढाउने भन्नुभा' छ । म सानो अनुरोध के गर्न चाहन्छु भने आवासीय विद्यालयहरू खोल्ने बुढानिलकण्ठजस्तो भन्नुभा' छ । त्यसमा मसँग अप्टुडेट डेटा त छैन तर २१ ओटा हिमाली जिल्लाको अवस्था के छ भने त्यहाँ शिक्षामा हामीले जति लगानी गर्छौं । त्यति नै लगानी गर्ने हो भने बुढानिलकण्ठ सरहकै स्कुल आवासीय स्कुलहरू हामीले २१ ओटा हिमाली जिल्लामा खोल्न सकिन्छ र त्यसले आन्तरिक बसाइसराइलाई पनि कन्ट्रोल गर्छ र हिमाली र पहाडी जिल्लामा जुन पूर्वाधारहरू छ विद्यालयको त्यो अहिले खाली भ्याकेन्ट छ । विद्यालयमा चाहिँ कक्षाकोठामा झारपात उम्रेको छ भने सिटी सेन्टरहरूमा यसको डेन्सिटी बढेर फेरि पूवाधार बनाउनुपर्ने भा'को छ । यसतर्फ पनि बजेटले ध्यान दिओस् भन्ने चाहन्छु ।

त्यस्तै चाहिँ मूल कुरा अन्त्यमा मैले (१ मिनेट बढाइ दिनुहोला अध्यक्षज्यू) मूल कुरा के भन्न चाहन्छु भने फोकस केमा गर्न चाहन्छु भने हाम्रो मेजर अर्थतन्त्रको समस्या भनेको राजस्व कम उठ्नु र राजस्व चुहावट पनि त्यसको मेजर फ्याक्टर हो । त्यसकारणले म अर्थमन्त्रीज्यू जति विज्ञ हुनुहुन्छ । जति मेहेनत गर्नुहुन्छ । यो अर्थमन्त्रालयको एड्मिनिस्ट्रेटिभ स्ट्रकचरलाई संरचनागत रूपमा नीतिगत रूपमा प्रक्रियागत रूपमा त्यसलाई अपरेसन गरेर त्यो राजस्व चुहावट कन्ट्रोल गर्नुहुने छ भन्ने मलाई विश्वास लागेको छ नम्बर वान । नम्बर टु हाम्रो अर्को मेजर

समस्या भनेको के हो भने पुँजीगत खर्च अत्यन्त न्यून हुने न्यून खर्च पनि थैङ्क यु । जय नेपाल ।

(१२:३३ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, माननीय अर्थमन्त्रीले पेस गर्नुभएको आर्थिक वर्ष २०८०/०८१ को राजस्व र व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, यो बैठक आजै १६ मिनेटपछि पुनः बस्ने गरी स्थगित हुन्छ ।

(तदनन्तर, यो बैठक आजै १६ मिनेटपछि पुनः बस्ने गरी स्थगित हुन्छ) ।

**स्थगितः-१२:३४ बजे ।**